**सर्वोच्चअदालत,संयुक्त इजलास**

**माननीयन्यायाधीश श्री अनिलकुमार सिन्हा**

**माननीयन्यायाधीश श्री नहकुल सुवेदी**

**आदेश**

**०७७-WH-०३४५**

**मुद्दाः<u>बन्दीप्रत्यक्षीकरण</u>।**

काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं.४ घर भई काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं.३ लोलाङस्थित डेरा गरि वस्ने रामकुमार लामाको छोरा हाल केन्द्रीय कारागार कार्यालय, सुन्धारा काठमाडौंमा बन्दी बनाइएको वर्ष २४ को रितेश लामा ..........................................................................१ निवेदक

**विरुद्ध**

काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं ......................................१ विपक्षी

केन्द्रीय कारागार कार्यालय, सुन्धारा, काठमाडौं................................................१

जिल्ला सरकारी वकिल कार्यालय, बबरमहल, काठमाडौं ..................................१

नेपालको संविधानको धारा ४६, १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

**तथ्य खण्ड**

१. निवेदक चन्द्रागिरी नगरपालिका घर भई काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं. ३ स्थित लोलाङ गाउँमा डेरा गरी अस्थायी रुपमा बसोबास गर्दै आइरहेको छु। म प्राइभेट

गाडी चलाई सोही पेशाबाट आफ्ना परिवारको पालन पोषण गरी गुजारा गरिरहेको अवस्थामा मेरो डेरा कोठामा प्रहरीहरु आई खानतलासी लिई मेरो सिमकार्ड सहितको मोबाइल बरामद गरी जाहेरवाला सुरेश शाहीको घरमा चोरी भएको घटना सम्बन्धमा सोधपुछ गर्दा सानैदेखि चिनेको साथी कुखे भन्ने राजेश लामिछाने एउटा केटा मानिसलाई साथमा लिई मसँग भेटेर साथमा आएको केटालाई देखाउँदै उसको श्रीमती विरामी भएकोले सुनको औंठी, तिलहरी, सिक्री, टप, जुली समेतका गहनाहरुबिक्री गरिदेउ भनेकाले म र विलास खतिवडाले उक्त सामान लिई गणेश सुन चाँदी पसलका सन्चालक नमराज सदाशंकरलाई २ लाख १५ हजारमा बिक्री गरी उक्त सुन बिक्री गरी दिएवापत रु.७,५००।– (सात हजार पाँच सय) का दरले हामी दुबैले बाँडी लिई बाँकी २ लाख (दुई लाख) कुखे भन्ने राजेश लामिछानेलाई दिएको हो। म चोरी गर्न गएको होइन। मौकामा मलाई जबरजस्ती बयान गर्न लगाएका हुन्। डाँका चोरी अभियोगमा मेरो कुनै संलग्नता छैन। मेरो साथबाट कुनै सामान बरामद भएको छैन। मैले सत्य तथ्य बेहोराको बयान गर्दा गर्दै पनि काठमाडौं जिल्ला अदालतले मलाई थुनामा राख्ने आदेश गरेको छ। सो आदेशले मेरो संवैधानिक तथा कानूनी हक र सर्वोच्च अदालतबाट प्रतिपादित विभिन्न नजीर सिद्धान्त उल्लंघन समेत गरी कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बद्ढो भएर नेपालमा समेत निषेधाज्ञाको अवस्था भएको छ। यस्तो अवस्थामा कारागारमा बस्दा पनि संक्रमण फैलन सक्ने भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम उच्च अदालत पाटनमा निवेदन दिन सकिनेमा हाल उक्त अदालत बन्द रहेको अवस्थामा काठमाडौं जिल्ला अदालतबाट मलाई अन्यायपूर्ण रुपमा भएको थुनछेक आदेश उत्प्रेषणको आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेशर जारी गरी पाउँ भन्ने बेहोराको निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सो को आधार र कारण सहित ३ (तीन) दिन भित्र विपक्षीहरुबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्नू भन्ने समेत बेहोराको यस अदालतको आदेश मिति २०७८/२/६ को आदेश।

३. रिटनिवेदक/प्रतिवादी रितेश लामासमेतका प्रतिवादीहरुको हकमा थुनछेकको आदेश हुँदा प्रतिवादीहरुले मौकामा र यस अदालतमा बयान गर्दा समेत आरोपित कसूरमा इन्कार रहेको देखिए पनि जाहेरवालाको घरबाट चोरी भएको धनमालमध्ये टि.भि. प्रतिवादी भीमबहादुर तामाङ्गको कोठाबाट बरामद भएको र सि. सि. टि. भी. मा देखिएको चोरी गर्ने व्यक्तिले लगाएको भनिएको कपडा र तन्नासमेत प्रतिवादीमध्येका कुखे भन्ने राजेश लामिछानेको कोठाबाट बरामद भएको भन्ने बरामदी मुचुल्का, जाहेरवालाको घरबाट चोरी भएको धनमालहरु आफूहरुले बेचेको र किनेको भन्ने तथ्यमा समेत सावित भई सहप्रतिवादीहरुलाई पोल गरी प्रतिवादीहरुले मौकामा र अदालतमासमेत गरेको बयान, जाहेरवालाले प्रतिवादी कुखे भन्ने राजेश लामिछानेले सनाखतसमेत गरी दायर गरेको जाहेरी दरखास्त, घटना विवरण कागजमा बेहोरा लेखाउने व्यक्तिको भनाई, प्रतिवेदकहरुको प्रतिवेदन एवं वादी पक्षले अभियोगपत्रमा यी प्रतिवादीहरु उपर लिएको अभियोजन दाबीसमेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादीहरु निर्दोष रहेछन् भनी हालै भन्न मिल्ने अवस्था विद्यमान नदेखिंदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी रितेश लामासमेतका प्रतिवादीहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) बमोजिम पुर्पक्षको लागि थुनामा राख्न दफा ८० बमोजिम थुनुवा पूर्जि दिई सम्बन्धित कारागार कार्यालयमा पठाइदिनु भनी मुद्दाको पुर्पक्षको रोहबाट भएको थुनछेक आदेश भएकोले वन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने नहुँदा खारेज गरी पाउँ भन्ने बेहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

४. निवेदकको के कुन अधिकार माथि घात पार्ने काम गरेको भन्ने निवेदनमा खुलेको देखिँदैन। निज निवेदकको हकमा कुनै संवैधानिक तथा कानूनी हक अधिकार हनन हुने गरी यस कार्यालयबाट विधिको शासन उल्लंघन हुने कुनै काम कारवाही भए गरेको नहुँदा कानूनबमोजिम अभियोगपत्र दायर भै सम्मानित काठमाडौं जिल्ला अदालतबाट कानूनबमोजिमको आदेशले थुनामा रहेको देखिँदा प्रस्तुत रीट निवेदन खारेज भागी छ भन्ने बेहोराको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको लिखित जवाफ।

५. अधिकार प्राप्त निकायको आदेशबाट मात्र कारागरामा थुनामा राख्ने र थुनामुक्त गर्ने कार्य

कारागार कार्यालयबाट हुने भएको र थुना मुक्त र थुनामा राख्ने कार्यमा कारागार कार्यालयको कुनै स्वविवेकीय अधिकार नरहने भएकोले प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेज योग्य भएकोले खारेज गरी पाउँ भन्ने बेहोराको कारागार कार्यालय, जगन्नाथदेवलको लिखित जवाफ।

**आदेश खण्ड**

६. नियम बमोजिम दैनिक पेशीसूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश भएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री शेरबहादुर रोकायाले निवेदक रितेश लामा चोरी गर्न गएको होइन। घर डेरामा बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो। निजबाट कुनै दशीका सामानहरुसमेत बरामद हुन आएको छैन। सहप्रतिवादीहरुले पोल गरेको भरमा मात्र दोषी करार गरी डाँका जस्तो अपराधमा थुनामा रहेको हुँदा शुरु काठमाडौं जिल्ला अदालतको आदेश गैरकानूनी भएकोले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट छुटाई पाउँ भनी बहस गर्नुभयो।

७. विपक्षी तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री निरन्जन स्थापितले यी प्रतिवादीले चोरीको कसूर गरेको भन्ने प्रष्ट देखिन्छ। सहअभियुक्तहरुले समेत यी प्रतिवादी रितेश लामालाई पोल गरी बयान गरेबाट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन। प्रस्तुत निवेदन खारेज गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

८. यसमा म समेतका विरुद्ध काठमाडौं जिल्ला अदालतमा दायर भएको डाँका चोरी मुद्दाको अभियोगमा मेरो कुनै संलग्नता छैन। म चोरी गर्न गएको होइन। मौकामा मलाई जबरजस्ती बयान गर्न लगाएका हुन्। मेरो साथबाट कुनै सामान बरामद भएको छैन। मैले सत्य तथ्य बेहोराको बयान गर्दा गर्दै पनि काठमाडौं जिल्ला अदालतले मलाई थुनामा राख्ने आदेश गरेको छ। सो आदेशले मेरो संवैधानिक तथा कानूनी हक र सर्वोच्च अदालतबाट प्रतिपादित विभिन्न नजीर सिद्धान्त उल्लंघन भएको तथा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढ्दो भएर निषेधाज्ञा जारी भएको अवस्था भएको छ। यस्तो अवस्थामा कारागारमा बस्दा पनि संक्रमण फैलन सक्ने भएको र मुलुकी फौजदारी कार्यविधि संहिता,

२०७४ को दफा ७३ बमोजिम उच्च अदालत पाटनमा निवेदन दिन सकिनेमा हाल उक्त अदालत बन्द रहेको अवस्थामा काठमाडौं जिल्ला अदालतबाट मलाई अन्यायपूर्ण रुपमा भएको थुनछेक आदेश उत्प्रेषणको आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने बेहोराको निवेदन तथा मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको विबेचना गर्दा यी निवेदक समेतका प्रतिवादीहरु निर्दोष रहेछन भनी भन्न् मिल्ने अवस्था विद्यमान नदेखिएकाले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निवेदक समेतका प्रतिवादीहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम पुर्पक्षको लागि थुनामा पठाइएको र मुद्दाको पुर्पक्षको रोहबाट भएको थुनछेक आदेश भएकोले वन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने नहुँदा खारेज गरीपाऊँ भन्ने लिखित जवाफ जिकिर देखिन्छ।

९. उल्लिखित निवेदन दाबी तथा लिखित जवाफ जिकिर भएको प्रस्तुत निवेदनमा निवेदक तथा विपक्षी दुबैतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुको तर्कपूर्ण बहस जिकिर सुनी निवेदन मागबमोजिमको आदेश जारी हुने हो, होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. अब निर्णयतर्फ विचार गर्दा, यस अदालतको आदेशले झिकाइएको काठमाडौं जिल्ला अदालतको मिसिल हेर्दा, यी निवेदकसमेत उपर काठमाडौं जिल्ला अदालतमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(१) ले निषेध गरेको ऐ. दफा २४४(२)(घ) बमोजिम कसूरमा ऐ. दफा २४४(३)(ख) बमोजिमको सजायको अभियोग दाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ। काठमाडौं जिल्ला अदालतबाट मिति २०७८/१/२० मा यी रिट निवेदक रितेश लामासमेतका प्रतिवादीहरुको हकमा थुनछेकको आदेश हुँदा मिसिल संलग्न बरामदी मुचुल्का, जाहेरवालाले गरिदिएको सनाखती मुचल्का, **CCTV** फुटेजबाट देखिएको दृष्यको विश्लेषण तथा यी निववेदक र सहप्रतिवादीहरु समेतले मौकामा र सो अदालतमा गरेको बयान लगायतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको विबेचना गरी यी निवेदक समेतलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम पुर्पक्षको लागि थुनामा पठाइएको भन्ने सो अदालतबाट प्राप्त मिसिल एबम् लिखित जवाफ बेहोरा समेतबाट देखिन आउँछ।

११. यी निवेदकले काठमाडौं जिल्ला अदालतको उक्त मिति २०७८/१/२० को आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७३ बमोजिम उच्च अदालतमा निवेदन गर्न सक्ने व्यवस्था भए तापनि हाल देशमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण निषेधाज्ञाको आदेश जारी भएको र उच्च अदालत पाटनबाट मिति २०७८/१/३१ मा सूचना प्रकाशित गरी कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण उक्त दफा ७३ बमोजिमको निवेदन दर्ता तथा सुनुवाईको कार्य स्थगन गरी सेवा संकुचन गरेकाले यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेको भन्ने देखिन्छ।

१२. यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगका सम्बन्धमा नेपालको संविधानको धारा १३३(२)(३) को ब्यवस्था हेर्दा संविधानप्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको ब्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि यस अदालतले बन्दीप्रत्यक्षीकरण लगायतका आदेश जारी गर्न सक्ने देखिन्छ। यी निवेदकले निजलाई थुनामा राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतबाट मिति २०७८/१/२० मा भएको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन पाउने कानूनी ब्यवस्था भएतापनि हाल कोरोना संक्रमणका महामारीबाट सृजित निषेधाज्ञाका कारण उच्च अदालत पाटनले उल्लिखित प्रकृतिका निवेदनहरुको सुनुवाई नगरेका कारण कानूनबमोजिमको उल्लिखित उपचारको मार्ग अवरुद्ध एवम् निष्प्रभावी भएकाले उल्लिखित संवैधानिक ब्यवस्था बमोजिम प्रस्तुत निवेदन दायर भएको देखिन आयो।

१३. सिद्धान्ततः बन्दीलाई बदनियतसाथ वा कपटपूर्ण तवरले थुनामा राखिएको वा प्रवृत्त भावना लिई थुनेको वा कानून विपरित वा अनिवार्य रुपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी थुनामा राखिएको वा पक्राउ गर्नु पर्ने कारणको सूचना वा जानकारी नदिई थुनामा राखिएको वा कानून बमोजिम अख्तियारी नै नभएका ब्यक्तिले गरेको आदेशबाट थुनामा रहेको र मिसिल प्रमाणबाट बन्दीलाई छाड्नु नपर्ने कुनै मनासिब कारण नदेखिएको स्थितिमा

ब्यक्तिका संविधानप्रदत्त तथा कानूनद्वारा संरक्षित वैयक्तिक स्वतन्त्रताको हकको संरक्षणका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिन्छ। सामान्यतः न्यायिक अधिकारक्षेत्र निहित रहेका अदालत वा न्यायिक निकायबाट कानूनी प्रकृया अवलम्बन गरी भएका आदेशबाट थुनामा रहेको र बन्दीको थुना स्पष्टतः गैरकानूनी नदेखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने पूर्वावस्थाको विद्यमानता हुँदैन।

१४. प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतले यी निवेदकलाई मिसिल प्रमाणको रोहमा सम्बन्धित कानूनी व्यवस्था अनुसार थुनामा राख्ने गरी आदेश भएको तथ्यमा विवाद भएन। तथापि सो आदेश बदरका लागि निवेदकले उच्च अदालतमा निवेदन दिन पाउनेमा उच्च अदालतले सेवा संकुचन गरेको कारण निवेदन दिन नपाई उक्त कानूनबमोजिमको प्रकृया अवरुद्ध भएबाट शुरु काठमाडौं जिल्ला अदालतले यी निवेदकलाई थुनामा राख्ने गरी गरेको आदेश पुनरावेदन तहमा परीक्षण हुन सकेको अवस्था रहेन। यसको नियमित प्रकृया मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पुनरावेदन सुन्ने अदालतमा दिइने निवेदन नै हो। हाल ब्याप्त कोरोना महामारी एवम् निषेधाज्ञाको कारण देशभरका अन्य सार्वजनिक सेवा जस्तै गरी अदालतको न्यायिक सेवा प्रवाह समेत नियमित रुपमा चालु रहन सम्भव नहुने अनपेक्षित र विषम परिस्थितिको सृजना भएको र यस परिस्थितिलाई फरक दृष्टिकोणले हेर्न आवश्यक भएतापनि न्यायाधीशले न्याय सम्पादन गर्दा बन्दीप्रत्यक्षीकरणको आदेशबाट न्यायिक उपचार प्रदान गर्ने कुराको सीमा, परिधि र यस अदालतले लामो समयदेखि विकास गरेको न्यायिक अभ्यासप्रतिसमेत अनदेखा गर्न मिल्दैन। हाल उत्पन्न विषम परिस्थितिकै कारण बन्दीप्रत्यक्षिकरणको प्रयोगलाई अदालतको सुधारात्मक क्षेत्राधिकार (**correctional Jurisdiction**) वा पुनरावेदकीय अधिकारक्षेत्रजस्तो गरी साधारण क्षेत्राधिकारक्षेत्रको विकल्पको रुपमा हेर्न र प्रयोग गर्न मिल्ने हुंदैन। यसो गरिएमा बन्दिप्रत्यक्षीकरणको प्रभावकारिता र वैशिष्ट्यमा क्षयीकरण आउँछ। बन्दीप्रत्यक्षीकरणको बाञ्छित उद्देश्य प्राप्त हुन सक्दैन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न आवस्यक पूर्वावस्थाहरु स्पष्ट रुपमा नदेखिएको अवस्थामा महामारीको विषम परिस्थितिलाई देखाएर मात्र साधारण अधिकारक्षेत्रबाट निरुपण हुने विषयबस्तुलाई अदालत

वा अन्य न्यायिक निकायको नियमित क्षेत्राधिकार प्रभावित हुने र साधारण अधिकारक्षेत्रको औचित्य नै समाप्त हुने गरी असाधारण अधिकारक्षेत्रबाट यस अदालतले हस्तक्षेप गर्नु वाञ्छनीय हुंदैन। तर यसबाट साधारण अधिकारक्षेत्रबाट पनि उपचार नपाउने र असाधारण अधिकारक्षेत्रको पनि ढोका बन्द गरी न्यायका याचकलाई न्याय ईन्कारी गरेको अवस्था सृजना हुनु पनि हुंदैन। जस्तोसुकै विषम परिस्थितिमा पनि ब्यक्तिका बैयक्तिक स्वतन्त्रता र हक अधिकारप्रति अदालत समवेदनशिल र सजग हुनैपर्ने हुन्छ। सो का लागि प्रथमतः आवश्यक स्वास्थ्य सुरक्षा सतर्कता अवलम्बन गरी बन्दी र थुनुवाका मुद्दालाई प्राथामिकताका साथ क्रमशः सुनुवाई गर्दै जानुको विकल्प छैन। अपितु न्यायनिष्पादनको अन्तर्वस्तुलाई केवल प्राविधिक वा औपचारिक शुत्रमा सीमित गर्न उपयुक्त नहुने भएकाले न्यायको रोहमा अपरिहार्य अवस्थाको विद्यमानता देखिएमा र मातहत अदालतका आदेशमा प्रथम दृष्टिमा नै कानूनको उचित प्रकृया (**Due Process of Law**) को प्रयोगमा गम्भीर र प्रत्यक्ष त्रुटी (**Gross and Apparent Error**) देखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको क्षेत्राधिकार आकर्षीत हुनसक्ने भएतापनि बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहबाट सामान्यतः साधारण अधिकारक्षेत्रमा जस्तो गरी तथ्यमा प्रवेश गरी आदेशको रित बेरीत जाँच गरिनु हुदैन।

१५. प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतले कानून बमोजिम मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा यी निवेदकलाई थुनामा राख्ने गरी आदेश गरेको देखियो। उक्त आदेशमा माथिको प्रकरणमा विबेचना भए बमोजिम कानूनको उचित प्रयोगमा गम्भीर र प्रत्यक्ष त्रुटि देखिन आएन। यस स्थितिमा प्रस्तुत निवेदनको रोहबाट साधारण क्षेत्राधिकारको प्रयोगमा जस्तो मुद्दाको तथ्यभित्र प्रवेश गरी तत्काल प्राप्त प्रमाणको विवेचना गरी गरी आदेशको रीत बेरीत जाँच गर्न मिल्ने देखिएन। सक्षम अदालतले प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गरी गरेको आदेश बमोजिम भएको थुनालाई गैरकानूनी थुना भनी मान्न नमिल्ने भएकाले तत्काल निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन ।सो हदसम्म प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

१६. उच्च अदालत पाटनले सेवा संकुचन गरेका कारण यी निवेदकले उक्त आदेश उपर मुलुकी

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन दायर गर्न नपाएको र यसबाट निवेदकको कानूनप्रदत्त व्यक्तिगत स्वतन्त्रताको हकमा आघात पुग्न गएको देखिएको हुँदा महामारीको अवस्था नै भए तापनि निवेदकको व्यक्तिगत स्वतन्त्रता तथा संविधान र कानूनप्रदत्त हक अधिकारप्रति संवेदनशिल बनी आवश्यक स्वास्थ्य सुरक्षा सम्बन्धी सतर्कता अवलम्बन गरी शुरु अदालतले थुनामा राख्ने गरी गरेको आदेश उपर परेको निवेदनको सुनुवाई हुन उपयुक्त देखियो। तसर्थ, यी निवेदकले शुरु काठमाडौं जिल्ला अदालतको मिति २०७८/१/२० को आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन दिए लिई कानूनबमोजिम शिघ्र कारवाई र किनारा गर्नु भनी उच्च अदालत पाटनका नाउँमा यो आदेश जारी गरिदिएको छ। यो आदेशको एक प्रति महान्यायाधिवक्ताको कार्यालय र उच्च अदालत पाटनलाई दिनू। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः मधुसुदन आचार्य

कम्प्युटर अपरेटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल जेष्ठ १७ गते रोज २ शुभम् ......................................।